हल्दीवारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

१. आर्थिक विकास क्षेत्र

(क) कृषि, पशुपन्छी तथा मत्स्य विकास उपक्षेत्र

- युवा जनशक्तिलाई आत्मनिर्भर बनाउन युवालाइ ब्यवसायिक कृषि तर्फ प्रोत्साहन गर्न "**युवा कृषि उद्यमी लागत साझेदारी कार्यक्रम**" संचालन गरिनेछ ।

- विशेष कृषि उत्पादन लाई बढावा दिन "**एक वडा एक उत्पादन**" को अवधारणा अवलम्वन गरिनेछ ।
- कृषि पेशालाइ आकर्षण बनाउन भरोसायोग्य बनाउन दिर्घकालिन कृषक शुरक्षा कार्यक्रम अवलम्वन गर्दै साझेदारी कृषक सुरक्षा कोष संचालन गरिनेछ ।

- व्यावसायिक कृषक, कृषि सहकारी र समुहहरूको लागत सहभागितामा उत्पादन लागत घटाउन ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण तथा उपकरण (पावर टिलर, स्प्रेयर, मकै रोप्ने, बिरुवा रोप्ने, ड्याङ बनाउने, गोड्ने मेसिन र मल्चिङ प्लाष्टिक आदि) वितरण कार्यलाई थप पारदर्शी र व्यवस्थित बनाइनेछ । चिया उद्यमी कृषकहरूलाई समेत यसमा प्राथमिकता दिइनेछ।

- "स्मार्ट कृषि अपनाऔं, यूवालाई कृषिमा जोडाऔं" भन्ने मूल नाराका साथ कृषिमा आधुनिक तथा स्मार्ट प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ । उत्पादन, उत्पादकत्वको साथ आम्दानीमा बृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिईनेछ र जलवायू अनुकूल तथा वातावरणमैत्री कृषि प्रविधि बिस्तार गरिनेछ ।

- "कृषिमा प्राविधिक सेवा, उत्पादनमा टेवा" अभियान अन्तर्गत कृषि तथा पशु सेवा प्राविधिकहरूलाई वडा र टोलस्तरमा परिचालन गरी घरदैलो मै निःशुल्क सहजीकरण, सामान्य उपचार, खोप, बन्ध्याकरण र परामर्श सेवा प्रभावकारी रूपमा उपलब्ध गराइनेछ।

- स्वच्छ माटो र स्वस्थ बालीका लागि माटोको अवस्था (PH, प्राङ्गारिक पदार्थ, नाईट्रोजन, फसफोरस, पोटास आदि) बारे जानकारी गराई माटो परिक्षणको आधारमा सन्तुलित मात्रामा मलखाद प्रयोग गर्न प्रोत्साहन गरिनेछ । माटोको दीर्घकालिन उर्वराशक्ति संरक्षण गर्न वातावरणमैत्री तथा दिगो कृषि प्रणालीको विकास गर्न स्थानीय सामुदायिक वन उपभोक्ता समुह र कृषि सहकारीहरूसँगको संस्थागत सहकार्यमा स्थानीय स्तरमै **प्राङ्गारिक मल उत्पादन र प्रयोगलाई** अभियानकै रूपमा अघि बढाइनेछ।

- खाद्यान्न, तरकारी, फलफूल र तेलहन बालीमा लाग्ने रोग-किरा पहिचानका लागि आकस्मिक बाली संरक्षण तथा **बाली उपचार शिविर** कार्यक्रम सञ्चालन गरिनेछ । प्राविधिकहरूको

सिफारिसका आधारमा जैविक तथा सुरक्षित रासायनिक विषादीहरू निःशुल्क उपलब्ध गराइनेछ ।

- "रैथाने प्रजातीको संरक्षण, दिगो कृषि र समृद्धिको आधार" भन्ने सारभुत सिद्धान्तका साथ स्थानीय तह भित्रको रैथाने कृषि उत्पादनलाई प्राथमिकता दिई आत्मनिर्भर कृषि प्रणालीको विकास गरिनेछ । युवा तथा महिला कृषकहरुलाई रैथाने प्रजातीमा आधारित उद्यमशिलता विकासका लागि प्रोत्साहन गरिनेछ । खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउने रैथाने बालीहरुको उत्पादन र उपभोग बढाउन बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- राष्ट्रिय बीउ बिजन समितिले सूचित तथा पञ्जीकृत गरेका उन्नत बीउ विजनको प्रयोग बढाउन र कृषक समुह र सहकारीहरूसँगको लागत साझेदारीमा **धान, गहुँ र तोरीको बीउ उत्पादन कार्यक्रम** सञ्चालन गरिनेछ।

- "प्राकृतिक जोखिमबाट बचौं, बाली बिमा गरौं" भन्ने मूल नाराका साथ प्राकृतिक बिपति, रोग किरा तथा अन्य जोखिमबाट हुने क्षतिको न्यूनिकरणका लागि बाली बिमालाई प्रोत्साहन गरिनेछ । बाली बिमा सम्बन्धी सरकारी अनुदान, प्रकृया तथा दावी भुक्तानी बारे कृषकहरुलाई जानकारी गराईनेछ यसका लागि बाली बिमा दर्ता तथा दावी प्रकृयालाई सरल र प्रभावकारी बनाउन आवश्यक सहजीकरण गरिनेछ । कृषि ज्ञान केन्द्र, बिमा कम्पनी तथा सम्बन्धित निकायसँग समन्वय गरी बाली बिमा सम्बन्धी प्रशिक्षण तथा अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ ।
- हल्दीबारी गाउँपालिकाको गौरव र पहिचानको रूपमा रहेको **"हल्दीबारीको हल्दी" (बेसार) प्रवर्द्धन कार्यक्रम** लाई ब्रान्डिङ, लेबलिङ र प्रशोधन सहित थप सबलीकरण गर्दै निरन्तरता दिइनेछ।

- प्रत्येक वडामा कम्तिमा एक एक वटा स्थानीय स्तरमा उत्पादित तरकारी फलफुल पसलको अवधारणा अघि बढाइनेछ ।
- पशुधनको सुरक्षाका लागि लम्पी स्किन डिजिज, एफ.एम.डी. (खोरीयाँ) र पि.पि.आर. जस्ता विभिन्न महामारीजन्य रोगहरू विरुद्ध **कम्प्याक्ट तथा आकस्मिक खोप कार्यक्रम** सञ्चालन गरिनेछ। पशुपन्छी प्रयोगशालाको सुदृढीकरण गरिनेछ।
- गाउँपालिका स्तरमा गाई, बाख्रा, कुखुरा, बङ्गुर फार्म, मासु पसल, डेरी र भेटेरिनरी पसलहरूको **सञ्चालन मापदण्ड तथा कार्यविधि** तयार गरी लागू गरिनेछ। जनस्वास्थ्यको रक्षाका लागि सडेगलेको माछा-मासु आयातमा पूर्ण रोक लगाउन नियमित बजार अनुगमन गरिनेछ। जुनोटिक रोग नियन्त्रणका लागि विद्यालय शिक्षा र सचेतनामूलक तालिम सञ्चालन गरिनेछ।

- दूध, अण्डा, माछा, बङ्गुर, कुखुरा र खसी उत्पादनलाई व्यावसायिकरण गर्दै निर्यात तर्फ उन्मुख गराउन विशेष प्रोत्साहन प्याकेज ल्याइनेछ।
- समुदायमा रहेका सामुदायिक (छाडा) कुकुर तथा बिरालाहरूको मानवीय व्यवस्थापनका लागि बन्ध्याकरण तथा रेबिज विरुद्धको खोप कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्र कृषि र पशुपालन क्षेत्रको वास्तविक अवस्था, उत्पादन, उत्पादकत्व, फार्म, मासु पसल, भेटेरिनरी र दुग्ध डेरीहरूको विवरण समेटेर **"एकीकृत डिजिटल तथ्याङ्क प्रणाली"** अवधारणा को थालनी गरिनेछ ।

**(ख) रोजगारी तथा श्रम उपक्षेत्र**

गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत, पिछडिएको वर्ग, महिला, दलित, अपाङ्गता भएका व्यक्ति र न्यून आय भएका बेरोजगार समुदायलाई आयआर्जन तथा सीपमूलक प्राविधिक तालिममा पहिलो प्राथमिकता दिइनेछ।

- "दक्ष जनशक्ति समृद्ध गाउँपालिकाः सबै श्रमिकको पहिचान हाम्रो प्राथमिकता" भन्ने नारालाई सार्थक तुल्याउन गाउँपालिका क्षेत्रभित्रका दक्ष, अर्धदक्ष र अदक्ष श्रमिकहरूको पहिचान गरी वडा-वडामा सूचीकृत गरिनेछ। रोजगारी प्रदायक उद्योगी र निर्माण व्यवसायीहरूलाई समेत गाउँपालिकामा सूचीकृत गराइनेछ।
- विकास निर्माणका कार्यहरूमा निर्माण व्यवसायीहरूले स्थानीय स्तरमै सूचीकृत भएका श्रमिकहरूलाई अनिवार्य वा प्राथमिकताका साथ रोजगारीका लागि व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाको लगानीमा छात्रवृत्ति वा निःशुल्क बाली विज्ञान विषय अध्ययन गरिरहेका हल्दीबारीका विद्यार्थीहरूलाई अध्ययन पूरा गरे पश्चात स्थानीय स्तरको रोजगारी र प्रवर्द्धन कार्यक्रममा प्राथमिकता दिइनेछ।
- संघीय नीति बमोजिम वैदेशिक रोजगारको सिलसिलामा विदेश गएको ब्यक्ति वा निजको घरमा रहेका एकाघरका परिवारजनलाई तोकिएको गम्भीर रोग लागेमा संघीय रोजगार बोर्ड मार्फत प्राप्त हुने आर्थिक सहायता र परामर्श सेवा गाउँपालिकाको **रोजगार सेवा केन्द्र** मार्फत सहजै उपलब्ध गराइनेछ।
- नेपाल सरकारबाट अनुमति लिई विभिन्न मुलुकहरुमा रोजगारीका लागि प्रस्थान गर्नुपुर्व आवश्यक पर्ने श्रमस्विकृती प्रप्त गर्न पालिकाबाट सहजिकरण गरिने ब्यवस्थालाई निरन्तरता दिइनेछ ।

**(ग) पर्यटन, सहकारी तथा लघु उद्यम उपक्षेत्र**

➢ **पर्यटन**

- भेलागुढी सामुदायिक वनको हाताभित्र रहेको 'लोकतान्त्रिक सहिद स्मृति पार्क' को आधारभूत पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ। स्थानीय राजवंशी, सन्थाल र लोपोन्मुख मेचे

लगायत अति सिमान्तकृत वर्ग जातिको भाषा, कला र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले बहुसांस्कृतिक संग्रहालय स्थापना गरिनेछ। साथै विविध जातीको पहिचान एवम संरक्षणका लागि विविध सास्कृतिक संग्राहालय को अवधारणा ल्याइनेछ ।

- चारकोसे जंगल जैविक विविधता र स्थानीय संस्कृती जोड्न जलथल जङ्गल र आवादीको सिमाना बीचको सडकलाई 'पर्यटकीय सडक' को रूपमा विकास गरी "हात्ती जंगल संस्कृती पर्यटन" एवम **"हेरौं प्रकृति, बुझौं संस्कृति"**कार्यक्रमको निती अवलम्वन गरिनेछ ।

- जलथल जङ्गल लाई 'जैविक पार्क' (Biological Park) को रूपमा विकास गर्न सामुदायिक वन उपभोक्ता समितिहरूसँग साझेदारी गरिनेछ। पाथिभरा, सिंहवाहिनी, धनुषपोखरी, साकेलाथान, स्वर्गद्वारी, दूधकन्या धार्मिक स्थल, पुरातात्विक धरोहर र सिमसार क्षेत्रहरूको प्रवर्द्धनका लागि डिजिटल प्रविधि (वेबसाइट, क्युआर कोड, र वृत्तचित्र) को प्रयोग गरी प्रचार-प्रसार गरिनेछ।

- वडा कार्यालयहरू र सामुदायिक वन उपभोक्ता समूहहरूको आपसी समन्वयमा चारकोसे जङ्गल छेउको पर्यटकीय सडक वरपरका वन क्षेत्रहरूलाई रैथाने प्रजातिका बोटबिरुवा र फूलहरू रोपी **"सौन्दर्यीकरण र हरित क्षेत्र" (Green Zone)** को रूपमा विकास गरिनेछ। वनको प्राकृतिक वातावरणलाई नबिगारी पर्यावरण-मैत्री पर्या-पर्यटन (Eco-Tourism) पूर्वाधार निर्माणका कार्यक्रमहरू अघि बढाइनेछ। साथै, गाउँपालिका भित्र निर्माण भएका सबै झोलुङ्गे पुलहरूको प्राकृतिक सौन्दर्यता र आकर्षणलाई कायम राख्दै तिनलाई प्रमुख पर्यटकीय गन्तव्यको रूपमा प्रचार-प्रसार गरिनेछ।

  - **सहकारी तथा साना किसान सम्बन्धी**

- "सहकारीमा अनुशासन र उत्पादन साना किसानमा समृद्धि" भन्ने मुल अवधारणा अवलम्वन गरिनेछ साथै बचतको सुरक्षा लगानीको सुनिश्चतता र सहकारीमा अनुशासन लाई प्रथमिकतामा राखिनेछ ।
- सहकारी संस्थाहरुलाई वचत तथा ऋणमा मात्र सिमित नराखि सो को उचित परिचालन संस्थाको नियमित अनुगमन, संस्थागत सुदृढिकरण तथा शुसासन प्रवर्द्धन गरिनेछ ।
- सदस्य शिक्षा, वित्तिय साक्षरता तथा नेतृत्व विकास कार्यक्रम संचालन गरिनेछ साथैउत्कृष्ठ कार्य सम्पादन गर्ने सहकारी संस्थालाई प्रत्साहन तथा सम्मान गरिनेछ ।
- सहकारी मार्फत स्थानीय उत्पादनको व्राण्डिङ्ग, प्रसोधन तथा बजारीकरणमा सहजिकरण गरिनेछ । कृषि, दुग्ध, चिया, तरकारी तथा पशुपालनमा आधारित सहकारीलाई विशेष प्राथमिकता दिइनेछ ।

- सहकारी तथा गाउँपालिका विच साझेदारी कार्यक्रमलाई बढावा दिइनेछ । समस्याग्रस्त सहकारीहरुको सुधार तथा ब्यवस्थापनका लागि सहजीकरण गरिनेछ ।
- उद्योगधन्दा र कलकारखानामा काम गर्ने सम्पूर्ण श्रमिक/कामदारहरूको अनिवार्य स्वास्थ्य बीमा गराउनुपर्ने नीति अवलम्बन गरिनेछ।
- साना किसानको उत्पादन, संकलन भण्डारण तथा वजारीकरणको लागि साझेदारी कार्यक्रम संचालनको अवधारणा अवलम्वन गरिनेछ ।

  ➢ **लघु उद्यम विकास कार्यक्रम**

  - गाउँपालिकाभित्र रहेका बेरोजगार, विपन्न, महिला, दलित, जनजाति, युवा तथा सीमान्तकृत समुदायलाई लक्षित गरी उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
  - स्थानीय स्रोत, साधन, सीप तथा बजारको मागका आधारमा सम्भावित लघु उद्यमहरूको पहिचान गरी उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।
  - उद्यमीहरूको क्षमता अभिवृद्धिका लागि उद्यमशीलता विकास तालिम, सीपमूलक तालिम तथा व्यवसाय व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
  - तालिम प्राप्त उद्यमीहरूलाई उद्यम स्थापना तथा विस्तारका लागि प्रविधि, औजार तथा आवश्यक सामग्रीमा सहयोग गरिनेछ।
  - कृषि, पशुपालन, घरेलु तथा साना उद्योग, हस्तकला, सेवा तथा पर्यटन क्षेत्रसँग सम्बन्धित उद्यमहरूलाई प्राथमिकताका साथ प्रवर्द्धन गरिनेछ।
  - उद्यमीहरूलाई वित्तीय पहुँच अभिवृद्धि गर्न सहकारी संस्था, बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
  - लघु उद्यममार्फत रोजगारी सिर्जना, आयआर्जन वृद्धि तथा गरिबी न्यूनीकरण गर्दै आत्मनिर्भर र समृद्ध हल्दीबारी गाउँपालिका निर्माण गरिनेछ।

**२. सामाजिक विकास क्षेत्र**

**(क) खानेपानी तथा सरसफाइ उप क्षेत्र**

**नाराः** " खानेपानीमा पहुँच सबैको, पूर्ण सरसफाइ अभियान घरघरको "

- खानेपानी तथा सरसफाइ संस्थाहरूको मासिक विद्युत महशुल, कर्मचारी खर्च र जेनेरेटरको इन्धन खर्च गाउँपालिकाबाट बेहोर्ने व्यवस्थालाई निरन्तरता दिँदै नागरिकहरूलाई प्रति महिना १०,००० (दश हजार) लिटरसम्म खानेपानी निःशुल्क उपलब्ध गराइनेछ। साथै विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय, गाउँपालिका कार्यालय र प्रहरी चौकीहरूमा २५,००० (पच्चीस हजार) लिटरसम्मको खानेपानी महशुल निःशुल्क उपलब्धतालाइ निरन्तरता दिइनेछ।

- सङ्घीय र प्रदेश सरकारका योजनामा नसमेटिएका खानेपानी आयोजनाहरूलाई गाउँपालिकाको तर्फबाट प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ। **WASH** सम्बन्धी ठूला आयोजनाहरूलाई तोकिएकै समयभित्र सम्पन्न गर्न प्रभावकारी समन्वय गरिनेछ। खानेपानी उपभोक्ता समितिहरूको नियमित नियमन गरिनेछ।
- साप्ताहिक हाटबजारहरूबाट निस्कने फोहोरमैला व्यवस्थापनका लागि सम्बन्धित वजार ब्यवस्थापन सँगको समन्वयमा उचित व्यवस्थापन गरिनेछ।

**ख) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (** GEDSI)

- ज्येष्ठ नागरिक, अल्पसंख्यक, दलित, आदिवासी जनजाति, मधेसी, महिला, पिछडिएका क्षेत्र र न्यून आय भएका वर्गहरूको सशक्तीकरणका कार्यक्रमहरूलाई निरन्तरता दिँदै सीपमूलक तालिमहरूलाई उद्यमशीलता र प्रविधिसँग जोडिनेछ। विपन्न एकल महिलाहरूको आर्थिक आत्मनिर्भरताका लागि आयआर्जनमूलक सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

- अपाङ्गता भएका विपन्न व्यक्तिहरूका लागि मागमा आधारित सहयोगी सामग्रीहरू (ह्वीलचेयर, वैशाखी, श्रवण यन्त्र आदि) निःशुल्क उपलब्ध गराइनेछ। 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिका लागि विशेष आयआर्जन तालिम सञ्चालन गरिनेछ। कोशी प्रदेश सरकार र करुणा फाउन्डेसन नेपालसँगको त्रिपक्षीय लागत साझेदारीमा "अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम" लाई थप प्रभावकारी रूपमा निरन्तरता दिइनेछ। अटिजम तथा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि "समावेशी शिक्षा कार्यक्रम" सञ्चालन गरिनेछ।
- बालमैत्री स्थानीय शासन (CFLG) को अवधारणालाई कार्यान्वयन गर्न आवश्यक ऐन, नियम र कार्यविधि तर्जुमा गरी बालबालिकाको वस्तुगत विवरण (Child Profile) अद्यावधिक गरिनेछ। आगामी वर्ष कम्तीमा थप एउटा वडालाई पूर्ण बालमैत्री वडा घोषणा गरिनेछ।

- आत्महत्या र लागुऔषध दुर्व्यसनी विरुद्ध किशोरी तथा आमा समूहहरूलाई परिचालन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। माध्यमिक विद्यालय स्तरका किशोर-किशोरीहरूका लागि "आत्मरक्षा (Self-Defense) तालिम" तथा नैतिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। लक्षित बर्गका युवाहरूलाई प्रशासनिक सेवामा आकर्षित गर्न " समावेशी लोक सेवा आयोग पूर्व-तयारी कक्षा" सञ्चालन गरिनेछ।

- ज्येष्ठ नागरिकको सुरक्षा तथा हौसलाका लागि निजका परिवारका सदस्यहरुलाई आवश्यक परामर्श तथा छोरा छोरी र बुहारी समेतलाई समेटेर 'ज्येष्ठ नागरिक हेरचाह' सम्बन्धी अभिमुखीकरण गरिनेछ । यसैगरी बालिका शिक्षालाई प्रोत्साहन गर्न छोरी ,सम्मान कार्यक्रमलाई बढावा दिइनेछ ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त गरेका हल्दीबारीका स्थानीय साहित्यिक/कला , खेलकुद लगायत विविध क्षेत्रका व्यक्तित्वहरूलाई सम्मान गरिनेछ।

- "मानव अधिकारको संरक्षण गर्दै मानव बेचबिखन तथा ओसारपसार विरुद्ध शून्य सहनशीलता नीति अपनाइनेछ।"

**(ग) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमहरु :**

- **"नागरिकको स्वास्थ्य, समृद्धिको आधारः स्वस्थ नागरिक, खुसी नागरिक**ः दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न नागरिकको स्वास्थ्य सुधारलाई प्राथमिकता दिँदै लक्षित स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाइ घरमै स्वास्थ्य सेवा पु–याउने अभिप्रायले **"घर दैलो स्वास्थ्य सेवा कार्यक्रम"** प्रभावकारी रुपमा संचालन गरिनेछ, साथै ७० वर्ष पुगेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, शहीद तथा बेपत्ता परिवारका सन्ततिहरूका लागि गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा वर्षको २ पटकसम्म आधारभूत प्रयोगशाला (Lab) सेवा पूर्ण रूपमा निःशुल्क गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- नसर्ने रोग र मानसिक एवम शारिरीक स्वास्थ्य व्यवस्थापन : **"सचेत रहौं नसर्ने रोगबाट : जोड दिऔं मानसिक स्वास्थ्यमा"** : हाल बढ्दै गएको मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगको रोकथाम र मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि समुदाय स्तरमा मधुमेह, रक्तचाप, क्यान्सर जस्ता रोगको नियन्त्रण सम्बन्धी जनचेतना तथा विशेष जनस्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै योग व्यायाम तथा पोषण जस्ता कार्यक्रमलाई बढावा दिई **"स्वस्थ हल्दीवारी अभियान"** कार्यक्रम संचालन गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच : *"आधारभूत स्वास्थ्य सेवाः सबैका लागि, सधैंका लागि"* : राष्ट्रिय स्वास्थ्य नीति अनुरुप सबै नागरिकका लागि पहुँचयोग्य, भरपर्दो र प्रभावकारी आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- स्वास्थ्य पूर्वाधार र गुणस्तर सुधार : *"सुलभ र गुणस्तरीय उपचारः हाम्रो अधिकार"* गाउँपालिका स्तरमा १५ शय्याको आधारभूत अस्पताल र मातहतका स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्ति, उपकरण र औषधिको व्यवस्था गरी गुणस्तरीय उपचार सेवा मिलाइनेछ।
- सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य *"सुरक्षित प्रसूति, आमा-शिशुको जीवन रक्षा"*: आधारभूत अस्पतालमा सुरक्षित प्रसूति केन्द्र (Birthing Center) को सुदृढीकरण गरिनेछ। विपन्न गर्भवती महिला तथा नवजात शिशुको पोषण सुधारका लागि "पोषण प्रोत्साहन सामग्री" वितरणको व्यवस्था गरिनेछ।

- नागरिकको घरदैलोमा स्वास्थ्य सेवा*"स्वास्थ्यकर्मी गाउँ-गाउँमाः सेवा पुग्छ घर-घरमा"*स्वास्थ्य संस्थासम्म सहजै आउन नसक्ने ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी र फरक क्षमता (अपाङ्गता) भएका नागरिकहरूका लागि महिनाको कम्तिमा एक पटक "घरभेट स्वास्थ्य सेवा" प्रदान गरिनेछ।
- आकस्मिक उपचार तथा राहत"आपतमा साथ, पीडामा उपचार" : विपन्न नागरिकको आकस्मिक स्वास्थ्य उपचारका लागि 'जनता उपचार सहायता तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन कोष' मार्फत आर्थिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराइनेछ।
- ***"खोप सुरक्षित भविष्यकोः हल्दिबारी पूर्ण खोप सुनिश्चितताको"***: गाउँपालिकाका सम्पूर्ण बालबालिकाहरूलाई समेट्दै हल्दिबारीलाई 'पूर्ण खोप सुनिश्चित गाउँपालिका' घोषणा गरी यसको दिगोपनका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।
- बालमैत्री, पोषणमैत्री र क्षयरोग मुक्त पालिका अभियानः *"बालमैत्री, पोषणमैत्री हाम्रो अभियानः क्षयरोग मुक्त हल्दिबारी हाम्रो पहिचान"* : गाउँपालिकालाई चरणबद्ध रूपमा बालमैत्री, पोषणमैत्री र क्षयरोग (TB) मुक्त घोषणा गर्नका लागि आवश्यक सूचकहरू पूरा गर्दै विशेष अभियान सञ्चालन गरिनेछ।
- राष्ट्रिय स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयनः*"राष्ट्रिय लक्ष्यमा स्थानीय ऐक्यबद्धताः स्वास्थ्य सेवामा पूर्ण जवाफदेहिता"* : नेपाल सरकारका राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरू तथा महामारी नियन्त्रण कार्यक्रम लाई जिम्मेवारीका साथ प्रभावकारी रूपमा स्थानीयकरण गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रम विस्तारः *"स्वास्थ्य बीमामा आबद्धताः उपचार खर्चको सुनिश्चितता"* : गरिब तथा विपन्न नागरिकलाई स्वास्थ्य उपचारको आर्थिक भारबाट बचाउन स्वाथ्य बिमा बोर्डबाट संचालित स्वास्थ्य बीमा कार्यक्रमलाई थप सुदृढ, पहुँचयोग्य र प्रभावकारी कार्यन्वयन गर्दै लगिनेछ।

**(ग) शिक्षा तथा खेलकुद उपक्षेत्र**

**नाराः "प्रविधिमैत्री गुणस्तरीय शिक्षा, समुन्नत हल्दीबारीको हाम्रो इच्छा"**

- गत आ.व. को निती तथा कार्यक्रमलाई समेत निरन्तरता दिदैं आगामी आ.व. मा "मेरो विद्यालय, उत्कृष्ट विद्यालय" अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षकको हौसला अभिवृद्धि गर्न उत्कृष्ट शिक्षक तथा प्रधानाध्यापकलाई कदर-पत्र दिइने, यसैगरी आगामी आ.व. देखि उत्कृष्ट व्यवस्थापन समिति र PTA को परिचालन गरी सम्मान कार्यक्रम समेत थालनी गरिनेछ, जसबाट विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुग्ने अपेक्षा लिइएको छ ।
- कुनै विद्यालय कृषि, कुनै विद्यालय विज्ञान, कुनै विद्यालय सूचना प्रविधिमा अगाडी भन्ने मूल अभिप्रायले कम्तिमा "एक विद्यालय, एक विशेषता" कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन

गरिनेछ। यसलाई व्यवस्थित एवं दिर्घकालिन बनाउन “डिजिटल कक्षा कार्यक्रम” को अवधारणा अवलम्बन गरिनेछ, जसबाट स्मार्ट बोर्ड, ई-लाइब्रेरी तथा कम्प्युटर प्रयोगशाला संचालनमा सहज हुने अपेक्षा गरिएको छ ।

- लोपउन्मुख मेचे समुदायको भाषा, धर्म र संस्कृति संरक्षणका लागि विद्यार्थी लक्षित दिपेन्द्र प्रा.वि. मा भैरहेको मेचे मातृभाषाको पठनपाठनलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा नैतिक शिक्षालाई बेलैमा अंगिकार गर्ने/गराउने उद्धेश्यले स्काउट तालिमलाई अझै प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- पाठ्यक्रममा मात्र सिमित नहुने अवधारणा ल्याउन शिक्षक तालिम, अभिभावक शिक्षा जस्ता कार्यक्रमलाई बढवा दिइनेछ ।
- सामुदायिक विद्यालयहरूको शैक्षिक, प्रशासनिक र भौतिक क्रियाकलापलाई थप गुणस्तरीय, जवाफदेही र बाल-मैत्री बनाउन "विद्यार्थीसँग जनप्रतिनिधि" विशेष कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरूको शैक्षिक गतिविधि, विद्यार्थीको उपस्थिति, र प्रगतिको विवरण अभिभावकहरूले घरमै बसेर मोबाइलबाटै हेर्न सक्ने **"विद्यालय मोबाइल एप" (School Mobile App)** को प्रयोगलाई अनिवार्य र प्रभावकारी बनाइनेछ। यस प्रविधिको सही र अधिकतम प्रयोगका लागि अभिभावकहरूमाझ विशेष सचेतना तथा अभिमुखीकरण अभियान (Orientation Campaign) सञ्चालन गररिनेछ ।
- "हामी सबैको इच्छा, अनिवार्य निःशुल्क शिक्षा" अभियान अन्तर्गत गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूलाई निःशुल्क पठनपाठन को व्यवस्थालाई निरन्तरता दिइनेछ।
- सबै सामुदायिक विद्यालयहरूमा शैक्षिक सुशासन र सुरक्षाका लागि गाउँपालिका कार्यालय, वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू र सबै सामुदायिक विद्यालयहरूमा जडान गरिएका सीसीटीभी (CCTV) क्यामेराहरूको तथ्याङ्कलाई एकीकृत (Integrate) गरी इन्टरनेट मार्फत केन्द्रीय सञ्जाल (Networking) मा आबद्ध गरिनेछ।
- सामुदायिक विद्यालयहरूप्रति आम अभिभावक र स्थानीयवासीको विश्वसनीयता बढाउन शिक्षक, विद्यार्थी, अभिभावक, political दल, र नागरिक समाजसहितका सरोकारवालाहरूलाई लक्षित गरी शैक्षिक सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- शैक्षिक गुणस्तर वृद्धि गर्न खेलमैदानहरूलाई आवश्यकताका आधारमा क्रमशः बजेट विनियोजन गरी घेराबारा र स्तरोन्नति गरिनेछ ।

**३. भौतिक पूर्वाधार विकास क्षेत्र**

**नाराः "दिगो विकासको आधारः व्यवस्थित र जनमैत्री पूर्वाधार"**

- भौतिक पुर्वाधारमा गरिएको लगानी खेर जान नदिन "धुलो रहित हल्दीवारी कार्यक्रम" संचालन गरिनेछ ।
- विद्युतको पहुँच नपुगेका टोल र बस्तीहरूमा विद्युतीकरण विस्तार गरिनेछ । नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा भोल्टेज समस्या सुधारका लागि ट्रान्सफर्मर विस्तार गरी लाई प्राथमिकताका साथ अघि बढाइनेछ।
- सबै चोक, हाटवजार, विद्यालय, मठमन्दीर, प्रहरी चौकी तथा धार्मिक स्थलहरुमा गत विगत बर्ष झैं बाँकी क्षेत्रमा सिसिटिभी विस्तार गरि "उज्यालो बस्ती कार्यक्रम" घोषणा गरिनेछ ।

- गाउँपालिका क्षेत्रमा निर्माण गरिने सडक, पुल, कल्भर्ट, भवन, विद्युत विस्तार र बजार व्यवस्थापन सम्बन्धी आयोजनाहरूको वस्तुगत तथ्याङ्क संकलन गरिनेछ। यी आयोजनाहरूलाई "स्थानीय तहको बजेट, नीति तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७४" बमोजिम अनिवार्य रूपमा प्राथमिकीकरण (Prioritization) गरेर मात्र आयोजना बैंक (Project Bank) मार्फत सञ्चालन गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्रका सडकहरूको नियमित मर्मत-सम्भारका लागि संयन्त्र बनाइनेछ। मुख्य तथा सहायक सडकहरूलाई स्तरोन्नति सहित कालोपत्रे (Blacktopping) र ग्राभेल गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- रणनीतिक सडक र वडा पहुँचः कालोपत्रे सडकको पहुँच नपुगेका वडाहरूका अति आवश्यक सडकहरू पहिचान गरी मूल सडकसँग जोड्ने नीति अवलम्बन गरिनेछ। "हरेक स्वास्थ्य संस्थामा पक्की सडक पुगोस्ः जनसेवा सहज बनोस्" कार्यक्रम अन्तर्गत ५ वटै वडा कार्यालय र स्वास्थ्य संस्थाहरू सम्म पक्की सडकको पहुँच पुऱ्याउने कार्यलाई प्राथमिकता दिइनेछ। गाउँपालिकाबाट ठेक्का बन्दोबस्त भएका बहुवर्षीय आयोजनाहरूलाई निरन्तरता दिइनेछ।
- हल्दीबारी भित्रका मुख्य नदी तथा खोलाहरूमा बाँकी रहेका केही काठका पुलहरूलाई पूर्ण रूपमा विस्थापित गरी "काठे पुलमुक्त गाउँपालिका" अभियानलाई सफल पारिनेछ। यसका लागि पक्की पुल, साना नदी र खोल्साहरूमा स्ल्याब कल्भर्ट, बक्स कल्भर्ट तथा झोलुङ्गे पुल निर्माण कार्यलाई तीव्रता दिइनेछ।
- **उपभोक्ता समिति र विद्युतीय खरिद प्रणालीः** वित्तीय अनुशासन कायम गर्न गाउँपालिका र वडा कार्यालयबाट सञ्चालन हुने रु. ५ लाखसम्मका योजनाहरू मात्र सम्बन्धित टोल विकास संस्था वा उपभोक्ता समिति मार्फत गराइनेछ। सो भन्दा माथिका सबै आयोजनाहरूको हकमा अनिवार्य रूपमा विद्युतीय खरिद प्रणाली (e-GP/e-Bidding) मार्फत ठेक्का बन्दोबस्त गरी सञ्चालन गर्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ।
- "सार्वजनिक भवन तथा पूर्वाधार निर्माण गर्दा अपाङ्गतामैत्री तथा पहुँचयुक्त संरचना निर्माणलाई प्राथमिकता दिइनेछ।"

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

- हरित हल्दीवारी अभियानलाई बढावा दिई प्रत्येक परिवारले कम्तिमा ३ वटा विरुवा रोप्न अभियान चलाइनेछ ।
- गाउँपालिकाभित्र रहेका सामुदायिक वन तथा हरित क्षेत्रहरूको संरक्षण, संवर्द्धन, दिगो व्यवस्थापन तथा वन अतिक्रमण नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।
- वन डढेलो, अवैध वन पैदावार ओसारपसार तथा चोरी निकासी नियन्त्रणका लागि सामुदायिक वन उपभोक्ता समूह, सुरक्षा निकाय तथा सरोकारवाला निकायहरूसँग समन्वय गरी वन संरक्षण अभियान सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तनका असर न्यूनीकरण तथा वातावरणीय सन्तुलन कायम गर्न वृक्षारोपण, हरियाली प्रवर्द्धन, जलस्रोत संरक्षण तथा वातावरणमैत्री कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्रका नदी, खोला तथा जलाधार क्षेत्रहरूको संरक्षण गर्दै नदी कटान तथा बाढीबाट हुने क्षति न्यूनीकरणका लागि तटबन्ध, जैविक संरक्षण तथा अन्य उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।
- मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि जंगली हाती, बाँदर तथा अन्य वन्यजन्तुबाट हुने जनधन तथा बालीनाली क्षति नियन्त्रण सम्बन्धी सचेतना, रोकथाम तथा सरोकारवाला निकायसँग समन्वय गरी आवश्यक पहल गरिनेछ।
- प्लास्टिकजन्य फोहोर न्यूनीकरण, फोहोर व्यवस्थापन तथा स्वच्छ वातावरण प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी स्वच्छ, हरित तथा वातावरणमैत्री गाउँपालिका निर्माण गरिनेछ। साथै एक पटक प्रयोग हुने प्लाष्टिक निषेध गरी सरोकारवालाहरु सँग छलफल गरी प्लास्टिक मुक्त हल्दीवारी बनाइनेछ ।
- बाढी, डुबान, हावाहुरी, चट्याङ, आगलागी, असिनापानी लगायत प्राकृतिक तथा गैरप्राकृतिक विपद्को जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतना तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना अद्यावधिक गरी विपद् पूर्वतयारी, उद्धार, राहत तथा पुनर्स्थापनाका कार्यहरूलाई प्रभावकारी बनाइनेछ।
- विपद् व्यवस्थापन कोषलाई सुदृढ गर्दै विपद् प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आवश्यक स्रोत तथा साधनको व्यवस्थापन गरिनेछ।
- वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका क्षेत्रमा सामुदायिक संस्था, विद्यालय, सहकारी, गैरसरकारी संस्था तथा सुरक्षा निकायसँग सहकार्य र समन्वय गरी सुरक्षित, वातावरणमैत्री, विपद् उत्थानशील तथा दिगो विकासयुक्त हल्दीबारी गाउँपालिका निर्माण गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन क्षेत्र

- गाउँपालिका र सबै वडा कार्यालयहरूबाट प्रवाह हुने सेवाहरूलाई झन्झटमुक्त र प्रविधिमैत्री बनाउन "एकीकृत डिजिटल प्रणाली" (E-Governance) लाई पूर्ण रूपमा लागू गरिनेछ। मालपोत, सिफारिस र राजस्व संकलन कार्यलाई अनलाइन प्रणाली मार्फत घरबाटै गर्न मिल्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका र वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको कार्यक्षमता र सेवा प्रवाहको गुणस्तर बढाउन नियमित "सदाचार तथा सार्वजनिक सेवा प्रवाह" सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने वडा कार्यालयलाई पुरस्कृत गर्ने परिपाटी सुरु गरिनेछ। साथै डेटामा आधारित निर्णय प्रणालीको अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको योजना तर्जुमालाई वस्तुनिष्ठ बनाउन सबै वडाहरूको सामाजिक-आर्थिक प्रोफाइल (GIS-based Profile) तयारी गरिनेछ।
- उपभोक्ताहरूको हकहित संरक्षणका लागि सरोकारवाला निकायहरूको सहकार्यमा "एकीकृत बजार अनुगमन प्रणाली" लाई थप सुदृढ र नियमित बनाइनेछ।
- गाउँपालिका भित्र दर्ता रहेका ब्यवसायलाई कुन कुन ब्यवसाय बिगत कति वर्षदेखि संचालनमा छन भन्ने अभिलेखको लागि अनलाइन दर्ता तथा रेकर्ड राख्न शुरुवात गरिनेछ ।
- सुशासन र नागरिक सन्तुष्टि अभिवृद्धिका लागि **सार्वजनिक सुनुवाइ (Public Hearing)** कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। "हेलो गाउँपालिका" अन्तर्गत गुनासो व्यवस्थापन प्रणालीलाई सक्रिय बनाई नागरिकका गुनासाहरू २४ घण्टाभित्र फछ्यौंट गर्ने व्यवस्था मिलाइनेछ।

**न्यायिक समिति तथा कानुनी सेवा सम्बन्धी नीति तथा कार्यक्रम**

- "घरदैलोमै न्याय, नागरिकको विश्वास।" नारालाई सार्थक बनाउन गाउँपालिकाका सबै वडाका नागरिकलाई सहज, छिटो र सुलभ न्याय सेवा उपलब्ध गराउन न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गर्दै मेलमिलाप तथा विवाद समाधान सेवालाई प्रभावकारी बनाइनेछ।
- समुदायस्तरमै विवाद समाधान गर्ने उद्देश्यले वडा तहका मेलमिलापकर्ताको क्षमता विकास, अनुभव आदानप्रदान तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी मेलमिलाप संस्कृतिलाई प्रोत्साहन गरिनेछ।
- घरेलु हिंसा, बालअधिकार, महिला अधिकार, सामाजिक विभेद, सम्पत्ति विवाद, साइबर अपराध तथा नागरिकका कानुनी अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- न्यायिक समितिमा दर्ता भएका उजुरी, छलफल तथा निर्णयहरूको व्यवस्थित अभिलेखीकरण व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

- नागरिकका गुनासा तथा विवादको समयमै सुनुवाइ र समाधानका लागि सरल उजुरी दर्ता प्रणाली तथा नियमित सुनुवाइ व्यवस्थालाई प्रभावकारी बनाइनेछ।
- समुदायमा उत्पन्न हुने पारिवारिक, सामाजिक तथा छिमेकीबीचका सामान्य विवाद न्यूनीकरणका लागि जनप्रतिनिधि, समुदायका अगुवा तथा सरोकारवालासँग समन्वय गरी माजिक सद्भाव अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।
- विपन्न, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायलाई न्यायिक समिती मार्फत आवश्यकताअनुसार निःशुल्क कानुनी परामर्श उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।